# स्थानीय राजपत्र

## बलेफी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-९ सङ्ख्या-३ बलेफी स्थानीय राजपत्र प्रकाशित मिति २०८२/०३/११

## भाग-१

**बलेफी गाउँपालिका**

### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### बलेफी गाउँपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धी (विशेष) ऐन, २०८२

**प्रस्तावना** : साविकको स्थानीय निकायमा बिक्रम सम्वत् २०६४ साल असोज मसान्त सम्ममा अस्थायी करार सेवामा नियुक्त भई कर्मचारी समायोजनका वखत बलेफी गाउँपालिकामा समायोजन भई कार्यरत रहेका कर्मचारीहरुलाई सम्मानित सर्वोच्च अदालत र उच्च अदालत, पाटनको आदेश बमोजिम तत् तत् पदमा आन्तरीक प्रतियोगिताको माध्यमबाट स्थायी गर्न कानूनी व्यवस्थाको प्रबन्ध गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को (ङ) बमोजिम बलेफी गाउँपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धी (विशेष) ऐन, २०८२ जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम **"बलेफी गाउँपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धी (विशेष) ऐन, २०८२"** रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "अविच्छिन्न रुपमा कार्यरत कर्मचारी" भन्नाले सम्वत् २०६४ साल आश्विन मसान्त सम्म साविक स्थानीय निकायको स्वीकृत दरबन्दीमा अस्थायी / करारमा नियुक्त भई अविच्छिन्न रुपमा कार्यरत रहेका कर्मचारी सम्झनु पर्दछ । स्पष्टिकरण : सेवा प्रवेश देखि हालसम्म कार्यरत रही आए पनि बीचमा सेवा छुट भएको र पुनः सेवामा आवद्ध रहेको कर्मचारीहरुको हकमा अविच्छिन्न रुपमा कार्यरत रहेको मानिने छैन ।

(ख) "ऐन" भन्नाले बलेफी गाउँपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धी (विशेष) ऐन, २०८२ सम्झनु पर्दछ ।

(ग) "कर्मचारी" भन्नाले साविकको स्थानीय निकायमा नियुक्ति भई यो ऐन जारी हुँदाको बखतसम्म बलेफी गाउँपालिकामा कार्यरत रहेका कर्मचारी सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले बलेफी गाउँपालिका, गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "गाउँपालिका" भन्नाले बलेफी गाउँपालिका सम्झनु पर्दछ

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बलेफी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(छ) "अध्यक्ष" भन्नाले बलेफी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ज) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिम गठित बलेफी गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले दफा ३ को उपदफा (२) बमोजिम गठित पदपूर्ति समिति सम्झनु पर्दछ ।

(ञ) "साविक स्थानीय निकाय" भन्नाले सिन्धुपाल्चोक जिल्ला भित्रका जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## विशेष पदपूर्ति र तह मिलान सम्बन्धी व्यवस्था

**३. अदालतको आदेश कार्यान्वयन** : (१) गाउँपालिकाले सम्मानित सर्वोच्च अदालत संबैधानिक ईजलासको मिति २०७४।०९।२१ गते ऋचा उप्रेती विरुद्ध मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको विषयः उत्प्रेषण ०६९ - WS - ००६१ मा भएको आदेश र मिति २०८१।०६।०२ को उच्च अदालत पाटनको धुलिखेल नगरपालिका तथा ऐ ऐ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धुलिखेल काभ्रेपलाञ्चोकको नाममा भएको परमादेश ०८१-८०-०१४९ बमोजिम संवत् २०६४ असोज मसान्तसम्म तात्कालिन स्थानीय निकायमा नियुक्त भई हाल धुलिखेल नगरपालिकामा अस्थायी तथा करार सेवामा समायोजन भई सोही पदमा हालसम्म अविच्छिन्न रुपमा कार्यरत कर्मचारीहरुको सिमित प्रतियोगिताबाट स्थायी गर्नेछ । विशेष प्रतियोगिता सम्बन्धी कार्य यो ऐन सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिले बढीमा ६ महिना भित्र सम्पन्न गरिनेछ ।

(२) उपदफा (१) को कार्य गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ :

(क) कुनै राजनीतिक दलको सदस्यता नलिएको, कम्तिमा स्नातक भई प्रशासनिक वा न्यायिक वा शैक्षिक क्षेत्रमा रा.प.द्वितीय श्रेणी वा सो सरह पदमा कम्तिमा सात वर्ष काम गरेकोको अनुभव प्राप्त गरी सेवा निवृत्त भएका नेपाली नागरिक मध्येबाट नगर सभाले तोकिदिएको व्यक्ति - अध्यक्ष

(ख) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(ग) प्रदेश लोकसेवा आयोगको प्रतिनिधि - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्रशासन अन्तर्गतको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(३) पदपूर्ति समितिमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) उपदफा २ बमोजिमको समितिले अफ्नो कार्यविधि आफै निर्धारण गर्ने छ ।

**४. पदपूर्ति सम्बन्धी विशेष व्यवस्था** : (१) सम्मानित अदालतको आदेश ४ बमोजिम साविक स्थानीय निकायको स्वीकृत दरबन्दीको पदमा सम्वत् २०६४ साल असोज मसान्तसम्म नियूक्ति भई यो ऐन प्रारम्भ हुँदाका बखतसम्म अविच्छिन्न रुपमा सोही दरवन्दीको पदमा कर्यरत कर्मचारीको न्यूनतम शैक्षिक योग्यता पुगेका स्वीकृत दरबन्दीमा कार्यरत सम्बन्धित कर्मचारीहरुको आन्तरिक सिमित प्रतिस्पर्धा गरी सोही पदमा एकपटकको लागि स्थायी पदपूर्ति गरिनेछ । तात्कालिन समयमा नियुक्ति हुँदा नेपाल सरकारको राजपत्राङ्कित तृतीय श्रेणी

समकक्षताको आधारमा छैठौ तहमा नियुक्ति पाएका कर्मचारीहरुको हकमा सातौ तह कायम गरि स्थायी प्रकृयामा समावेश गरिने छ ।

(२) दफा (३) बमोजिमको समितिले आफ्नो कार्य सम्पादनको लागि अन्य सरकारी कार्यालयहरुसंग सहयोग लिन सक्नेछ ।

**५. तह मिलान तथा समायोजन** : यस ऐन बमोजिम स्थायी भएका कर्मचारीहरुको तह स्वतः मिलान तथा समायोजन हुनेछ । तह मिलान तथा समायोजन प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

**६. पहिलेको सेवा अवधिको गणना तथा बढुवा** : स्थानीय निकायको स्वीकृत दरबन्दीको कुनै पदमा २०६४ असोज मसान्त भित्र नियुक्ति भई अविच्छिन्न रुपमा सेवा गरेका कुनै कर्मचारीले सो सेवालाई अविच्छिन्न राखी सोही पदमा स्थायी नियुक्ति पाएको भए साविक स्थानीय स्वायत्त शासन ऐन, २०५५ र सर्वोच्च अदालतको आदेश बमोजिम उपदान तथा नोकरीको ज्येष्ठता प्रयोजनका लागि निजले गरेको सेवा अधिकृत स्तरमा भए छैसट्ठी प्रतिशत र सहायक स्तरमा भए पचहत्तर प्रतिशत गणना गरिनेछ ।

## परिच्छेद-३

## विविध

**७. पदपूर्ति गर्न नहुने** : यस ऐन बमोजिम तह मिलान भई रिक्त हुने तल्लो पदमा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी पद मिलान नहुँदासम्म त्यसरी रिक्त हुने पदमा कुनै पनि प्रक्रियाबाट पदपूर्ति गर्न पाईने छैन ।

**८. निर्देशन दिन सक्ने** : यस ऐन बमोजिम तोकिएको जिम्वेवारी सम्पन्न गर्न प्रमुखले पदपूर्ति समितिलाई निर्देशन दिन सक्नेछन ।

**९. खारेजी** : यो ऐनमा भएका प्रावधानहरु एक पटक कार्यान्वयन भएपछि स्वतः निष्कृय हुनेछन् ।

आज्ञाले,
लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०८२/०३/११